# सिंजा गाउँपालिका
## नराकोट, जुम्ला
### कर्णाली प्रदेश , नेपाल

आर्थिक वर्ष २०७९/०८० को थिति र गर्न्या काम

# सिँजा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को थिति र गर्न्या काम

**सिँजा गाउँपालिका भरीका हाम्मा आमाबाबा, दाज्यूभाइ र दिदीबहिनीऔं !**

**उपाध्यक्ष ज्यू, वडाअध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधि ज्यूहरु**

यइ साल बैशाखका महिना चुनाउ भयो । चुनाउमा यइ पाला सब्बै सिँजा गाउँपालिका भित्तका मतदाताहरुले हामीकन झिताइकन पठायाका छौं । सबभन्ना पइला गाउँपालिकामा आयाका सब्बै जनप्रतिनिधिका तर्फबाटी सिँजा गाउँपालिका भरिका सबै मतदाताहरुकन जद्यो । चुनाउमा खटिइ आयाका कर्मचारी, पुलिस, राजनितिक दलहरु, सामाजिक संघ, संस्था, पत्रकार, शिक्षक, समाजसेवी, वुद्धिजिवी र समूहहरुकन पनि हाम्मा तर्फबाटी धन्यवाद छ ।

पोरपुडाकै जन गरिकन यई **साल** नौला आर्थिक साल पुनि आउन लाग्याको छ । तेइ भयोर आज असार दश गतेका दिन सिँजा गाउँपालिकाले आउन्या आर्थिक साल भरिको थिति र गर्न्या काम आम्ना कार्यपालिकाका सदस्य ज्यूहरु सात सरसल्लाहा गरिकन लेख्योर यो गाउँसभामा ल्यायाका छौं । तुमी सब्बैजनाकन यई सिँजा गाउँपालिका थी मइथ मइथ धनपैसा हुन्नान् भन्न्याँ लाग्दो हो । तेइथो जम्मै नाई । सिँजा गाउँपालिका कन नेपाल सरकारले पठायाको रकम नापा छ । सिँजा गाउपालिका भरिका हाम्मा जनताका दुःख , तिनुका समस्या गनि नसक्ना छन् । ती सब्बै समस्या केन्द्र सरकारबाटी आयाका थोकाथोका धनले अट्को सार्न सकिन्या नाई । समस्याका भारी ठूला भया । रुपियाँ नापा भया । तेइबिअ जनताको आखिखरीको बडी अट्को पर्न्याको क्या, क्या मै छ ? तेई सुमस्याकन संघ सरकारले हाल्याको अनुदान रकम हालिकन अट्को फिकारौं । हाम्मो गाउँपालिकाका रकमले नपुग्न्या समस्या छन् भन्या प्रदेश सरकार थी लेखिकन पठाउन्या छौं । ताँ भन्दापनि बडो समस्या भया पै केन्द्र सरकार थी लेखि पठाउन्या छौं । केइ काम अहिले गरौंना । रयाका काम आगु, परागु सम्म गर्दै जाउना । हाम्मा सिँजाका जनताले धिर गर्नु पड्यो, बैरागिनु भयोन भनि हामी सब्बै जनताकन बिन्ती गर्र्याका छौं ।

गयाका पइलाका पाँच **साल** भित्त यइ गाउँपालिकाले केइकेइ काम गर्न्याको पुनि छ । केइ केइ काम गर्न रयाका पनि छन् । केइकेइ काम अपुरा पुनि छन् । अपुरा भयाका काम पूरा गर्नु पड्न्या छ । यइ साल हाम्मो गाउँपालिकाले खेतीपाती र किर्सानी काम कन मुख्य काम र थिति बनाउन्या विचार गर्न्याको छ । तेइखा लागि किसानकन मल, वीउ, विरुवा र कार्यविधि बनाइकन अनुदानको व्यवस्था गरन्या छौ । ताई पछि हाम्मो गाउँपालिकाले पढाइलेखाइका कामकन मुख्यकाम मानिकन थिति बुनाउन्या छौ । ताइपछिका जरुरीका काम स्वास्थ्य र पर्यटनको थिति बनाई गर्न्या कामको चाँचो बुनाउन्या छौ । हाम्मो गाउँपालिकाको पुरानो इतिहास, भाषा, सँस्कृति, रीतिरिवाज, चलन, सँस्कार जइथा अनेक नइया चिजको खोजी गर्नका बिअ थिति र चाँचो बनाईकन काम अगाडि बढाउन्या छौ ।

अरुको मुख ताकीकन खानु पटक्कै राम्रो होइन । तेइविअ हाम्मो गाउँपालिकाका आम्ना आम्दानीका मूल पत्ता लगाउनु पड्न्या छ । तेइखा विअ पुनि गाउँपालिकाले नौलो र भरपड्डो समूह बुनाईकन आम्दानीका मूल खोज्न्या चाँचो गऱ्याका छौ । चासो भयाका तन्नेरीहरुकन हाम्मा खेलहरु व्यवस्थित गरिकन खेलाउने र सबैकन देखाउने विचार गऱ्याका छौ । हप्तादिने र महिनादिने सीपमूलक तालिम पनि तन्नेरीहरुकन दिन्या चाँचो मिलाउन्या छौ । यी मैले माथि भन्याका विषय बस्तुकन तल अलग,अलग गरिकन राख्याका छौ । ती विषयबस्तुकन मसिन्याइकन भन्न्या छौं । मन लाइकन सुनिदिनु होला ।

## सिँजा गाउँपालिकाको भौतिक पूर्वाधार थिरको थिति र गऱ्न्या कामः

१. बन्नै गऱ्याको सिँजा गाउँपालिका वडा नं १ जिबर्काको पक्का साँगुकन यही वर्ष भित्र बनाइकन सक्न्या छौं ।

२. सिँजा गाउँपालिकाको आम्नु भवन यइ साल भित्त तयार गरि सक्न्या छौं ।

३. नरकोट कोट्यासाँगुकन यइ सालदै पक्का साँगु बनाउनका विअ ठेक्का निकाल्न्या छौं ।

४. संघीय सरकार सात सल्लाहा गरिकन राजमार्ग, धिताला लिही, नरकोट बजार सम्मनको सडक कन पक्का बनाउन्या छौं ।

५. कर्नाली सरकार सात सल्लाहा गरिकन धिताला लिही, गोरा, भाडगाउँ, छकाल्या पानी हुदै जम्लाबजार सम्मन जोड्न्या सडक कन साँटो भन्ना साँटो बनाउन्या छौं ।

६. गोरा, रुगा,जोडु र रुगा, काँडागाउँ सडक राम्रो र चाक्लो बनाउन्या छौं ।

७. फाऱ्याबाडा,बाऱ्याँ, बुदबुदी सडककन पनि चाक्लो र हिलो नहुन्या बनाउन्या छौं ।

८. नरकोट बजार दै जाच हुदै झिम्रीकुना सम्मन जाने सडक पुनि चाल्खो र हिलो नहुन्या बनाउन्या छौं ।

९. फरनडोला , देउली सिँजा बृहत खानेपानीको नापजाँच गराइकन डिपिआर बनाउन्या छौं ।

१०. खान्या पानीका दुख्ख भयाको फुङ्ग्र गाउँमा स्वच्छ खान्यापानी खान्या व्यवस्था मिलाउन्या छौं ।

११. सिँजा गाउँपालिकाको केन्द्र रयाको नरकोट बजारकन शहर बनाउन चाहिन्या योजना तयारको काम पूरा गऱ्न्या छौं ।

१२. सिँजा गाउँपालिका भित्तका भवन नवनाएका वडाहरुका भवन यइ सालदेखि बनाउन शुरु गऱ्न्या छौं ।

१३. सिँजा गाउँपालिकाकन हुन्या गरिकन एक चिस्यान केन्द्र स्थापना गऱ्न्या छौं ।

१४. सिँजा गाउँपालिका कन हुन्यागरिकन एक खेल मैदान पनि बनाउन्या छौं ।

१५. सिँजा गाउँपालिकाको नरकोट बजार आसपास थि एक बसपार्क बनाउनका लागि काम शुरु गर्‍न्या छौं ।

१६. सिँजा गाउँपालिकाको नराकोटमा मालपोत र नापी अड्डा , क श्रेणीको चौकी, कृषि विकास बैंक ल्याउने काम हुन्या छ ।

१७. सार्वजनिक जग्गा जगाउन्या छौं । वन, नदी र खानीको वातावरणीय घच जाँचीकन व्यवस्थापन गर्‍न्या छौं ।

१८. हिमा, सिँजा र कनकासुन्दरी गाउँपालिकाको सरसल्लाहा गरिकन हिमानदी सफाई, नदीका छाल तिर रुख लगाउन्या, नदीमा विषादी र करेन्ट लगाउन नदिन्या माछा संरक्षण गर्‍न्या चाँचो मिलाउन्या छौं ।

१९. सिँजा गाउँपालिकाका सब्बै घरधुरी कन राष्टिय प्रसारण लाइनबाटी बिजुल्ली बाल्ने चाँचो मिलाउन्या छौं । राइके  डाडाँमा रयाको बायूउर्जाबाट निकाल्याको बिजुल्ली वडा नं ४ का नबल्याका घरधुरीमा पनि बाल्न्या छौं । क्षमता हेरिकन नरकोट बजारसम्मन बायूउर्जाको बत्ती ल्याउन्या व्यवस्था मिलाउन्या छौं ।

२०. अदुरो रयाको सिँजा रंगशालाकन बनाउन्या व्यवस्था मिलाउन्या छौं ।

२१. उपभोक्ता समितिकन पारदर्शी बनाउन्या छौं । सिँजा गाउँपालिकामा भ्रष्टचार, घुस लिन दिन्या छैनौं ।

२२. जाचबाट बाओ ,बारे फुङ्ग्र, काडागाउँ, जोडु हुदै मालाभिड पुग्न्या लेकाली पर्यटकीय सडक बनाउन पहल गर्‍न्या छौं ।

२३. सिँजाबाट बाग्रे हुदै कालिकोटको पलाता जोड्न्या बाटो बनाउन पहल गर्‍न्या छौं ।

## सिँजा गाउँपालिकाको शिक्षा थिरको थिति र गर्‍न्या कामः

१. सिँजा गाउँपालिका भित्त रयाका पाठशाला सात जोडियाका बालविकास केन्द्रकन आम्ना गाँव लैजान गाँवका सबैजना /बढीजना मान्ठले माग  गर्‍या भन्या र राम्रो गर्‍न्या हौं भनिकन बचन बोल्या भन्या यइसाल भित्त सब्बै वडामा एक्कुन एक्कुन अस्सल नमूनाका बालबगैचा बनाउन्या छौ । बालविकासका गुरुआमाकन  तालिम र मापदण्ड ( अट्कल्या ) अनुसारको तलबको व्यवस्था गर्‍र्या छौं ।

२. पाठशाला जान्या उमेर पुगेका ट्वाटकीकन **पाठशाला पठाउ ज्ञानको दियो जगाउँ** भन्या नारा लगाउदै पाठशाला भर्ना गर्‍न्या कामकन साँटो र भरिलो गरिन्या छ । ट्वाटकीका आमा बाबाकन पाठशालामा राम्रो ज्ञान पाइन्या छ भनी भरोसो दिन्या छौं ।

३. पाठशालाहरु वीच भयाको दूरीकन हेरिकन र तेइपाठशाला पड्न्या चेलाचेलीको संख्या हेरिकन गुरु,गुरुआमाको दरबन्दी मिलाउन्या  र पाठशाला गाभ्न्या काम गरिन्या छ ।

४. आधारभूत तहका चेलाचेलीकन बाँडिदै आयाको दिउसको अन्नी, छात्रवृति रकम साँटो दिन्या छौं । र ठूली चेलीहरुकन दिन्या गर्याको सफा टालो (सेनिटरी प्याड) सक्यासम्म बढाइकन दिन्या छौं ।

५. आधारभूत तह कक्षा १ दै ८ कक्षासम्मन सिँजाको गौरव, गाथा, सभ्यता, सँस्कृति मिलाइकन हाम्मै बोल्न्या खसभाषाका पाठ्यक्रम बनाइन्या छन् । भएका पाठ्यक्रम र पाठ्यसामग्रीकन सपाड्डै पाठशालामा पाठ्यसामग्री बाँड्न्या र पडाइन्या छ ।

६. कोरना माहामारीले पाठशालाकन घच पडयाको छ । चेलाचेली सब्बैदिन पढ्न पायानन् । महामारीबाट भयाको क्षतिकन कम गर्नका लागि बढाइकन पडाउन्या, लाग्दापुग्दासम्म अरु उपाया गरिकन सरकार र सरकार बाहिरका संघसंस्था सात मिलिकन पडाउन्या काम अघि बडाउन्या छौं ।

७. यस पालिका भित्तका स्नातक र स्नाकोत्तर १६ कक्षा र १८ कक्षा सम्मन पड्याका तन्नेरीकन स्वयंसेवा र इन्टर्नसीप फर्कीसेवा मार्फत पालिका भित्तका सेवाका अड्डामा खटाउने व्यवस्था गर्ने छौं ।

८. साक्षर पालिका र जिवन पर्यन्त सिकाइ कन मूल बनाउदै आउन्या साल भित्त सिँजा गाउँपालिका भित्त बस्याका र नपढ्याका मान्ठकन प्रौढ शिक्षा पडाएर साक्षर पालिका बन्याको देखाउन्या छौं ।

९. सक्यासम्म सिँजा गाउँपालिकासात जोडियाका हिमा र कनकासुन्दरी गाउँपालिकासात मिलिकन पाठशालाहरुको पडाउन्या शैक्षिक तालिका एकैनासको गर्न्या छौं । जाँचलिन्या तरिकाकन राम्रोगरि सपाड्ने छौं । सिँजा गाउँपालिका भित्त भन्या यो काम अनिवार्य गर्न्या छौं ।

१०. संघको पड्दै कमाउदै र प्रदेशको एक पालिका एक आवासीय विद्यालयको कार्यक्रम सिँजा गाउँपालिकाको एक पाठशाला छानिकन जग बसाल्न्या छौं ।

११. गुरु र गुरुआमाहरुका विअ क्षमता विकासका तालिम संचालन गर्न्या छौं ।

१२. गाउँपालिका भरिका पाठशालामा पूर्वाधार थप्न्या छौं । र आधुनिक प्रविधिका पठन र पठन सहयोगी सामग्रीहरु प्रयोगशाला, पुस्तकालय, इन्टरनेटको व्यवस्था मिलाउन्या छौं ।

१३. जीउ अशक्त र अपाङ्ग भएका मान्ठकन सिँजा गाउँपालिकामा सरकारी तथा सरकार बाहिरका संघसंस्थाबाटी सहयोग माग्योर एक पुनर्स्थापना केन्द्र वा स्याहार केन्द्र बनाउन्या छौं ।

१४. सिँजा गाउँपालिका भित्तका पाठशालाहरुवाटी ज्ञान, विज्ञान, संगीत र खेलका विधामा प्रदर्शनी र प्रतियोगिता संचालन गर्न्या व्यवस्था मिलाउन्या छौं । सिँजाको इतिहास, भाषा, साहित्य, सँस्कृति र कलाको विकास र अभिलेखीकरण गर्न्या काम हुन्या छ ।

१५. स्वयंसेवक गुरु, गुरुआमाहरुकन चेलाचेलीको नतिजा र उपलब्धि स्तर जोखिकन प्रोत्साहन भत्ता दिन्या छौं ।

१६. कार्यसम्पादन (काम गर्न्या तरिका), आपुले पढ्याको योग्यता र काम गरन्या क्षमता, भयाका गुरु/गुरुआमाकन पाठशालाकै मुख्य गुरु तोक्न्या छौं ।

## स्वास्थ्य थिरको थिति र गर्न्या काम

१. गरीब, दु:खी, असाहाय, एकल महिला कन बडो रोग लागिकन ओक्तो गर्न नसक्न्या अवस्था आउन नदिनका बिअ पालिका अध्यक्ष अक्षय थैली बनाउन्या छौं ।

२. गाउँपालिका भरिका नागरिकको स्वास्थ्य लगत राखिकन तीन/तीन मैनाको निशुल्क जाँच र निगरानी गरन्र्या छौं । दीर्घरोगी (सुगर, मुटुरोगी, दम ,राँगन, ग्याष्टिक)भयाकाकन सक्यासम्मनको ओक्तोमूलो दिन्या छौं ।

३. पुराना बैद्यले जान्याका र ओक्तो गर्याका ज्ञान र बुटिकन एकैठउर ल्याइकन पक्का होकि होइन भन्न्या सवुत राख्न्या छौं र धामी र वैद्यकन तालिम दिन्या छौं ।

४. रोजगारी नभयाका घरका ६८ बर्ष माथिका बुडाबुडीकन रुपिया नलाग्न्या गरिकन राष्टिय स्वास्थ्य विमा गर्न्या छौं ।

५. संघीय सरकारसात सल्लाहा गरिकन नरकोटका स्वास्थ्य चौकीकन बढाइकन १० बेडको बनाउन्या छौं ।

६. पाठशालामा चेलाचेलिकन स्वास्थ्यको ज्ञान र ओक्तोमूलोको व्यवस्था गर्न्या छौं ।

७. टेलिफोन बाटी ठूला डाक्टरकन सोधिकन ठूला रोगको उपचार यइ गाउँपालिकबाट गर्न्या छौं ।

८. वडा नं २ का आधारभूत स्वास्थ्य इकाईमा प्रयोगशाला र सुत्केरी केन्द्र बनाउन्या छौ । र सुपोषण वडा सर्वेक्षण कार्यक्रम पुनि गर्न्या छौं ।

९. यइ पालिका भित्तको आँखा र आयुर्वेद उपचार केन्द्रको थप सेवा बढाउन्या छौं ।

१०. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सल्लाहा गरिकन सिंजागाउँपालिकामा विज्ञ डाक्टरको स्वास्थ्य सेवा बढाउन्या छौं ।

११. गाउँपालिका उपाध्यक्ष आमा सुरक्षा थैली बनाइकन घरमा सुत्केरी हुन्या चलन सप्पागरी रोक्न्या छौ । स्वास्थ्य चौकीमा सुत्केरी हुन्याकन सरसफाई नासो दिन्या छौं । सुत्केरी कन, कुपोषित ( राउत्या पड्याका) बालखकन र ६८ बर्ष उमेर पुगेका अप्ठारै रोग लाग्याका मूदौरुकन तहै(तसै) एम्बुलेन्स सेवा दिन्या छौं ।

१२. नौलो एम्वुलेन्स किन्न्या व्यवस्था मिलाउन्या छौं ।

१३. राम्रो काम गर्न्या महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीकन सम्मान कार्यक्रम राख्न्या छौं ।

१४. गाउँपालिका स्वास्थ्य, सरसफाई, महिला आधारभूत स्वास्थ्य स्वयंसेविकाको थिति र विधि बनाइकन स्वास्थ्यकर्मीहरुको ओएनएम सर्भे गर्न्या छौं ।

१५. सवै स्वास्थ्य चौकीमा व्यवस्थापन खर्च र नराकोट स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा, शनिगाउँ स्वास्थ्य चौकीमा आमा तातो घर, धाँपा स्वास्थ्य चौकी घेरवार गरिकन विद्युतीय सफ्टवयरको व्यवस्था गर्न्या छौं ।

१६. स्वास्थ्य चौकी, आधारभूत, सामूदायिक स्वास्थ्य इकाईहरुमा साधन र श्रोत सम्पन्न गर्न्या छौं ।

१७. गाउँघर क्लिनिक र बाहय खोपकेन्द्रहरु कन चाहिन्या सामानहरुको व्यवस्था गरिकन सेवा बाद्दिनै दिन्या छौं ।

१८. वडा नं ४ को आधारभूत स्वास्थ्य केन्द्रमा सुत्केरी सेवा थप्न्या व्यवस्था गर्न्या छौं ।

१९. वडा नं ६ मा रहेको आधारभूत स्वास्थ्य चौकी संचालनमा ल्याइन्या छ ।

२०. वडा नं ५ मा रहेको स्याउल्या गज्जीमा एक स्वास्थ्यकर्मी खटाई पाठशालामा पढाउन्या व्यवस्था गर्न्या छौं ।

## कृषि थिरको थिति र गर्न्या काम

१. सिँजा गाउँपालिकाको हाइटेक नर्सरी व्यवस्थापनका बिअ प्रदेश सरकार सात सल्लाहा गरिकन बुटा व्यवस्थापन र गाउघरकन चाहिन्या कर्‍रो रकम लाग्न्या बुटा उब्जाउन्या छौं र किर्सानकन बाड्न्या छौं ।

२. व्यवसायिक खेती तथा नगदे बालीकन लगाएर रोजगारी दिन्या व्यवस्था गर्न्या छौं ।

३. प्रदेश र संघीय सरकारसँग सल्लाहा गरिकन एक वडा एक कृषि प्राबिधिकको व्यवस्था गर्न्या छौं ।

४. सिँजा गाउँपालिका भित्त लुकिछिपीकन बाली र बुटाकन विषादी हाल्न दिन्या छैनौं ।

५. हाम्मा पोषिला रैथाने बालीका वीउ, विजन बचाइकन खेती गर्न्या व्यवस्था मिलाउन्या छौं ।

६. सिँजा गाउँपालिका भित्तका पाठशालामा पढ्दै गऱ्याका कृषि विषयका चेलाचेलीकन कार्यगत तालिममा गाउँपालिका भित्तका कृषि फर्ममा खटनपटन गरिन्या छ ।

७. प्रदेश र संघीय सरकारबाटी पाइन्या शसर्त अनुदानका लागि कम्तीमा ५०% रकमको थैली बनाइकन साझेदारीमा योजना बनाउन्या छौं ।

८. पशु चौपाया र पंक्षीजन्य बस्तुभाउ पाल्न इच्छ्या भयाका युवायुवतीकन पशुचौपाया र पंक्षीजन्य उद्यमको सबै तयारी पूरा गर्‍या पछि उद्यम हेरिकन जम्मा लागत वा बीउ थैलीको आधा सम्मन अनुदान दिन्या व्यवस्था मिलाउन्या छौं । पशु चौपाया र पंक्षीकन रोग लाग्यापै विना रुपियाँ जाँचीकन ओक्तोमूलो बाड्न्या छौं ।

९. गाउँपालिकामा पालिएका गाई भैसीको वीउ बदली गरी नश्ल सुधार गरिन्या छ ।

१०. सिँजा गाउँपालिकाले मात्या जग्गा लिइकन आम्नु एक **नमूना कृषि बीउ उत्पादन केन्द्र** बनायोर उन्नत बीउ, बिरुवा उब्जाउन्या छौं । र गाउँपालिका भरि हिउदे र बर्खे विरुवाहरु नापा दाममा बाड्न्या छौं ।

११. पशुचौपायाको विमा गरिकन विमाको प्रभाबकारिता बढाउन्या छौं ।

१४. सिँजा गाउँपालिकाको नरकोट बजार आसपास रयाको खाली जग्गा हेरिकन मैनाको एकदिन हाटबजार र देउडा खेल लाउन्या व्यवस्था मिलाउन्या छौं ।

१५. हाम्मा किर्सानले उत्पादन गर्‍याका बस्तुबाटी नौला परिकारहरु बनाउन्या तालिमहरु संचालन गर्न्या छौं ।

१६. सिँजा गाउँपालिकामा रयाका पुराना कुलाकन सपाड्ने छौं । बाँजो रयाका जग्गाकन बुतौन्या काम हुन्या छ । यइका विअ पोखरी, हिउ पोखरी र लिफ्ट सिचाई गरिन्या छ ।

१७ वडा नं ४ मा कृतिम तालको संभाव्यता अध्ययन गरिने छ ।

## प्राविधिक र सूचना प्रविधि थिरको थिति र गर्न्या काम

१. एकिकृत स्थानीय तह वस्तुगत विवरण बनाइकन यइ साल भित्त यइखो काम संचालन गरिन्या छ ।

२. गाउँपालिकाका सूचना **साँट्टै** थाँ पाउन **विजुल्ली रैवार पाटी** ( डिजिटल नोटिस बोर्ड) बनाउन्या छौं । अट्कल गर्नालागि एक डिजिटल पाठशाला बनाउन्या छौं ।

३. सिँजा गाउँपालिकाको अभिलेख केन्द्र बनाइकन पालिकाकन चाहिन्या सामग्री सफ्टवयर बाटी गर्न्या र गाउँपालिका कन रैवारमैत्री बनाउन्या छौ. ।

४. लिजा, फरा, र एनएनआरएफसी जइथा गाउँपालिकाको राम्डो मूल्याङ्कन हुन्यामा ध्यान दिन्या छौं ।

५. सिँजा गाउँपालिकाको आम्नु प्राविधिक सामाग्रीको प्रयोगशाला बनाउन्या छौं ।

## लघु तथा घरेलु उद्योग सम्बन्धि थिति र गर्न्या काम

१. पुराना हाम्मा राडीपाखी, लिउ, ठेटुवा, घरवुना, डोका, डाला, बुनाई, सिलाई, कटाई आरन सुधारका घरेलु उद्योग बनाईकन जिजुबाजेको सीप,कला बचाउन्या र अइलेका मेकानिकल, कम्प्युटर, गाडी चलाउन्या, पलम्बर, विजुलीका ओयरिङ का तालिम उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सात साजो गरिकन तालिम दिन्या व्यवस्था मिलाउन्या छौं ।

२. गाउँघरमा उब्जायाका वाली, कपडा, तरकारी, फलफूल बाहिर जिल्लामा पठायोर बेच्नकालागि नासो, कोशेली घर बनाउन्या छौं ।

३. गाउँघरका रोजगारी नपायाका तन्नेरीकन छोटा र लामा समयका सीपमूलक तालिम दिन्या व्यवस्था मिलाउन्या छौं ।

४. गाउँपालिका भित्तका सप्पा उद्यमीकन अन्तै पालिका वा जिल्लामा आम्ना उद्यमको ज्ञान लिन उद्यम देखाउन्या र भ्रमण गराउन्या छौं ।

## पर्यटन थिरको थिति र गर्न्या काम

१. केदारनाथ बुदबुदीकन देश भरिकै धार्मिक र प्राकृतिक पर्यटनका रुपमा विकास गर्न्या छौं ।

२. सिँजा गाउँपालिका वडा नं २ मा बनी राख्याको सिँजा सभ्यता खस संग्रहालय सिँजा सभ्यताको सँस्कृति, भाषा, साहित्य, कला, रितिरिवाज, चालचलन र पुरातात्विक विषयको जान्याँ बुझन्या थलोका रुपमा विकास गर्न्या छौं ।

३. साउनपुनी, अनन्त्यापुनी, कार्तिक पुनीका पैठ र देउताका पूजा कन व्यवस्थित बनाइकन प्रचार गर्न्या छौं ।

४. सिँजा गाउँपालिका भित्त चल्याका होटल, रेष्टुरेन्टले सरसफाइमा ध्यान दियापै तेइथा होटल र रेष्टुरेन्टकन पुरुस्कारको व्यवस्था मिलाउन्या छौं ।

५. हाटबजार लाग्न्या दिन सिँजाका संस्कृतिका खेल, देउडा, नाच को प्रतियोगिता गर्न्या व्यवस्था मिलाउन्या छौं ।

६ नाग्म सिँजा गमगढी राजमार्गमा सिँजा गाउँपालिका भित्त खोलिएका होटल, रेष्टुरेन्टमा रैथाने बालीका सफा परिकार बनाई ख्वाउन्याकन पुरुस्कारको व्यवस्था गर्ने छौं ।

७. राजमार्गसँग जोडियाका गाउँमा पाहुना बस्न्या घर बनाया पै सहायता गरिन्या छ ।

## महिला तथा बालबालिका थिरको थिति र गर्न्या काम

१. महिला दिदिबहिनीहरुका लागि हाम्मा सिँजाका स्थानीय पर्वहरु तागासकाति, हरितालिका तीज, ऋखि पन्चमीका दिनहरु चेतना दिन्या गरिकन मनाउन्या व्यवस्था मिलाउन्या छौं । राष्टिय पर्वका

रुपमै मनाउन्या गर्याका नारी दिवस, बालदिवसका दिनहरुमा चेतना फैलाउन्या किसिमका कविता, नाच,गीत, झ्भोडा, देउडा खेल लगाईकन मनाउन्या व्यवस्था मिलाउन्या छौं ।

२. सिँजा गाउँपालिका भरीका टोल, विद्यालयमा बालक्लब बनाउन्या र बालविबाह, बालश्रम र बाल हिंसा रोक्न्या व्यवस्था मिलाउन्या छौं ।

३. छुई प्रथा, जातीय उचो निचो, बहुविवाह, वालविवाह कन हटाउनका लागि व्यवस्था मिलाउन्या छौं ।

## दलित थिरको थिति र गर्न्या काम

१. दलित उत्थान तिरका जनचेतनाका काम गर्न्या छौं । पुर्ख्यौली सीप भएका दलितहरुले सिप बढाईकन सिपालु हुन चायाका खण्डमा तिनुको सीपकन चाहिन्या मेसिन, तालिम र सामानको व्यवस्था मिलाउन्या छौं ।

२. हराउदै जान लाग्याका दलितका पुख्यौली सीपको खोजी गरीकन सीप हस्तान्तरण गर्न्या व्यवस्था मिलाउन्या छौ । यी कामले मान्ठकन रोजगार हुन्या विश्वास गर्याका छौं ।

## जनतासँग अध्यक्ष कार्यक्रम

१. युवा परिचालन, कृषि, शिक्षा, स्वास्थ्य,जोखिम, विपत व्यवस्थापन, कला, साहित्य, सँस्कृतिको संरक्षण, अन्तरपालिका भगिनी सम्बन्ध, स्वयंसेवक परिचालन, सेवा विस्तार तथा रोजगारी सिर्जना गर्न्या छौं ।

२. सिँजा गापा वडा नं ४ को दहचौरमा चिलगाडी बस्न्या एअरपोर्टको संभाव्यता अध्ययन गरिन्या छ ।

## सिँजा गाउँपालिकाले लगाउन्या कर

सिँजा गाउँपालिकामा पइलादेखि लाउदै आयाको स्थानीय करकन चक्ल्याउदै सालसमय अनुसार करको दरकन अदली बदली गर्न्या छौं ।

*गाउँसभाका सदस्य ज्यूहरु, अब म यो सम्मानित नवैं गाउँसभामै आर्थिक बर्ष २०७९/०८० का लागि अनुमान गरी प्रस्ताव गर्याको बजेट कार्यक्रम र योजना तपाईहररुका अगाडि राख्दै छु ।*

*क संघीय सशर्त अनुदान चालुतर्फ रु. १४ करोड ८७ लाख*

*ख संघीय सशर्त अनुदान पूजीगत तर्फ रु. ९२ लाख*

ग संघीय समानीकरण अनुदान तर्फ रु. १० करोड २२ लाख

घ राजस्व बाँडफाँड तर्फ रु ७ करोड १४ लाख ५३ हजार

ङ प्रदेश समानीकरण तर्फ रु १ करोड ७० हजार

छ आन्तरिक आम्दानी रु १० लाख

जम्मा ३४ करोड २६ लाख २३ हजार

यो थिति र गर्न्या काममा सहयोग गरिदिन सबै सिँजाबासी दाजुभाइ तथा दिदीबहिनीहरुकन अनुरोध गर्दै सब्बै गाउँसभा सदस्य ज्यूहरुकन यो आर्थिक बरर्स २०७९/०८० को थिति र गरन्या कामका बजेट मै खल गरिकन पास गर्नु हुन्या छ भन्या विश्वास लियाका छौं।

ध्यानदिइकन सुनिदिन्या सबैजना सिँजाबासी दाजुभाइ दिदीबहिनीहरुकन पुनि धन्यवाद।

प्रस्तुतकर्ता

पूर्णप्रसाद धिताल

सिँजा गाउँपालिका अध्यक्ष

मिति २०७९/०३/१०